शुक्लाफाटाँ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भजनी, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

**सलह कीरा सम्वन्धमा शुक्लाफाटाँ नगरपालिका कृषि विकास शाखाको जनहितमा जारी सन्देश**

मिति २०७७ साल अषाढ १३ गतेका दिन भारतबाट सलह कीराको ठुलो झुण्ड नेपालमा प्रवेश गरेको छ । यो मरुभुमीमा पाईने छोटो एन्टेना भएको फट्याङग्राको एक प्रजाति हो । खानाको कमी भएपछि झुंण्डमा हिड्ने गर्दछ । एक झुण्डमा करिब २ देखी ८ करोडको संख्यामा रहेका हुन्छन् । यो कीरा दिनको समयमा हावाको वाहाव संगै प्रतिदिन १५० कीलामिटर टाढाँ सम्म उड्न सक्छ । सुर्यास्त संगै रुख विरुवा लगायत अन्य स्थानमा आश्रय लिन्छ र विहान सूर्यादय संगै १-२ घण्टा घाम तापेपछि मात्र खानेकुरा खान थाल्दछ । यो कीराले प्रतिदिन आफ्नो तौल बरावरको खानेकुरा खाने गर्दछ । यो कीराले बालुवामा १५-२० से.मी. भित्र सम्म पर्ने गरी अण्डा पार्दछ । र नेपालमा मरुभुमी नभएको कारणले यसले नेपालमा सन्तान उत्पादन गर्न सक्दैन तसर्थ नआतिन अनुरोध गर्दछौ ।

व्यवस्थापनका उपायहरु

- सलह आएको देखेपछि ठुलो स्वरमा स्पीकरहरु बजाउने,थाल लगायत सामाग्री बजाई ठुलो आवाज निकाल्ने,धुवाँ निकाली तितरबितर पार्ने ।
- लामा डोरीहरु बारीको वारपार टागेर दुई जनाले दुई तिरवाट वालीनालीका बोटहरु हल्लाई दिने ।
- चराहरुलाई संरक्षण गर्ने,सलह उड्नु अधि विहान विहानै बाली खानु भन्दा पहिला १-२ घण्टा घाम ताप्ने,झुण्डमा बस्ने भएकाले बरिपरीबाट सलहलाई धपाउने,सलह संकलन गरी पशुपन्छी तथा माछाको दानाहरुका प्रयोग गर्ने ।
- धानको व्याड बचाउनका लागी नेट जालीहरुले छोप्ने,
- प्लाष्टिक,घरभित्रको वालीहरु वरीवरीबाट कीरा छेक्ने जालीले वेरेर जोगाउने ।

यदि सलह देखा परेमा तुरुन्त शुक्लाफाटाँ नगरपालिका कृषि विकास शाखामा सर्म्पक राख्न हुन अनुरोध छ । साथै थप जानकारीको लागी कृषि विकास शाखा प्रमुख श्री खडक बहादुर बि.के मो. ९८४३५९२५७५र नायव प्राविधिक सहायक मीना कुमारी भण्डारी मो ९८४८७३५३१६ वा कृषि विकास शाखा ०९९-५४०२३६ मा सर्म्पक गर्न हुन समेत सम्वन्धित सवैमा जानकारी गरिन्छ ।

कृषि शाखा प्रमुख

दिल बहादुर ऐर
नगर प्रमुख